चीन भ्रमणमा जाँदा जे जति उपलब्धि होला भन्ने सोचेको थिएँ त्योभन्दा बढी उपलब्धि हासिल भएको छ।

देश बिगार्ने काम गरेको छैन : ओली

नेपाल समाचारपत्र

काठमाडौं

प्रधानमन्त्री केपी शर्मा ओलीले चीन भ्रमणका क्रममा गलत काम नगरेको बताउनुभएको छ। मंगलबारको प्रतिनिधिसभाको बैठकमा सार्वजनिक महत्त्वको विषयमा संसद्लाई जानकारी दिँदै उहाँले सोचेभन्दा बढी सफलता पाएको बताउनुभयो।

१ सय १९ सदस्यीय टोलीको नेतृत्व गर्दै ओली असार ५ गते चीन जानुभएको थियो। उहाँ आइतबार स्वदेश फर्कनुभएको हो। उहाँले भ्रमणमा जाने अघिल्लो दिन पनि संसद्लाई जानकारी दिनुभएको थियो। संसद्मा बोल्दै ओलीले भ्रमणका विषयमा केही टिका टिप्पणी भएकाले पनि संसद्लाई जानकारी दिन आवश्यक भएको भन्दै ओलीले विगतमा भएका सन्धि सम्झौता पालनाका लागि पहल गरेको र सम्बन्ध थप सुधार गरेको बताउनुभयो। आर्थिक समृद्धिका लागि सहयोग र सद्भाव बढाउनका लागि सहकार्य गर्ने विषयमा पनि सहकार्यको कुरा अघि बढेको ओलीले जनाउनुभयो।

समृद्ध नेपाल सुखी नेपालीको अभियानका लागि पनि चीनले सहयोग गर्ने प्रतिबद्धता जनाएको उहाँले बताउनुभयो। पछिल्लो समयमा भएका राजनीतिक उपलब्धिप्रति चीन सरकारले बधाइ दिएको उहाँले संसद्लाई जानकारी दिनुभयो। भोलिका दिनमा थप सहमति र

समझदारी बढाउन सरकारको तर्फबाट १४ बुँदे सम्झौता भएको भन्दै उहाँले चिनियाँ नेतृत्वसँग अन्य विविध पक्षमा समेत छलफल भएको बताउनुभयो। उहाँले ती सम्झौताबारे पनि सदनलाई जानकारी दिनुभयो।

नेपालमा ग्यास, तेल तथा अन्य अन्वेषणका लागि सहयोग गर्न चीन सकारात्मक भएको, नेपालमा उत्पादित वस्तुको निर्यात बढाउन, आपसी सहमतिमा थप व्यापार बढाउने विषयमा चीन सकारात्मक भएको जानकारी दिनुभयो। चीनले नेपालका लागि छात्रवृत्ति बढाउने जानकारी पाएको उहाँले जनाउनुभयो। चीनका व्यापारीलाई नेपालमा लगानी गर्न आग्रह गरेको उहाँको भनाइ थियो। 'चीन भ्रमणमा जाँदा जे जति उपलब्धि होला भन्ने सोचेको थिएँ त्योभन्दा बढी उपलब्धि हासिल भएको छ' -ओलीले भन्नुभयो। उहाँले रेलको विकासका लागि पहल भएको बताउनुभयो। ओलीले दुवै छिमेकी देशसँग आपसी सम्बन्ध विस्तार गरेर जाने प्रष्ट पार्नुभयो। 'मैले चीनसँगको सम्बन्ध सुधार गरेको छु कसैलाई पनि बिग्रियोस् भन्ने चाहेका छैनौं', ओलीले भन्नुभयो- 'हामी राष्ट्रिय हित र अन्तर्राष्ट्रिय सम्बन्ध स्थापित गर्ने पक्षमा छौं।'

ओलीले नेपालका राष्ट्रपतिको तर्फबाट चीनका राष्ट्रपतिलाई नेपाल भ्रमणको निम्तो दिनुभएको सदनमा जानकारी गराउनुभएको थियो। उहाँले आफ्नो तर्फबाट पनि प्रधानमन्त्रीलाई निम्तो दिएको जानकारी गराउनुभयो।

जन्मदिनमा भिक्षु अश्वघोषलाई पृथक उपहार

सुनील महर्जन, काभ्रे

आफूलाई मनपर्ने व्यक्ति, साथी र भाइको जन्मदिनमा विभिन्न किसिमका उपहार दिने चलन नै बनेको छ। उपहार दिनेले लिनेको मन जित्न विभिन्न किसिमका उपहार दिने गरिन्छ। तर मंगलबार बनेपाको ध्यानकुटी विहारमा दिइएको उपहारको दृश्य भने फरक देखियो।

नेपालका संघनायक (जेष्ठ) भिक्षु अश्वघोष महास्थवीरको ९२औं जन्मदिनमा विभिन्न महानुभावले आ-आफ्नो रोजाइअनुसार उपहार प्रदान गरे। त्यस क्रममा शिष्य भिक्षु कोण्डन्यले आफ्ना गुरु भिक्षु अश्वघोषका लेखहरू संग्रहित पुस्तक 'भिक्षु अश्वघोषका छानिएका रचनाहरू' उपहार दिए। जुन उपहार अरूभन्दा निकै फरक प्रकृतिको थियो।

भिक्षु अश्वघोषको करिब डेढ सयभन्दा बढी पुस्तकमा छरिएका लेखहरू भिक्षु कौण्डन्य स्वयंले सम्पादन गरी प्रकाशन गरेका थिए। आफूले ७ दशकयता लेखेका महत्त्वपूर्ण र विचारोत्तेजक लेखहरू संग्रह गरी जन्मदिनमा यसरी पुस्तक उपहार देला भनेर भिक्षु अश्वघोषले कल्पनासमेत गरेको थिएनन्।

'यो विषयमा गुरु भिक्षुलाई जानकारी छैन। 'सरप्राईज' दिने हिसाबले रातारात पुस्तकको रूप दिएर उपहार दिएको हुँ।' उपसंघनायक भिक्षु ज्ञाणपूर्णिक महास्थवीरले लोकार्पण गरी पुस्तक उपहार प्रदान गरिएको थियो।

'यसले भिक्षु अश्वघोष बुद्ध धर्मप्रति कस्तो र कुन खालको दृष्टिकोण राख्नुहुन्छ भन्ने कुरा स्पष्ट बुझ्ने छ। समग्र पुस्तक भिक्षु अश्वघोषका बुद्ध धर्मप्रति बुझाइको सार हुन्।' -भिक्षु कौण्डन्यले भन्नुभयो। पुस्तकमा बुद्ध धर्मका विविध पक्षलाई विश्लेषण र आलोचनात्मक तवरले लेखिएका लेख, बुद्धका महत्त्वपूर्ण र आधारभूत विचारधाराका ४१ वटा लेख रहेका छन्।

उपचारका क्रममा २ वर्ष चीनमै बस्नुहुँदादेखि चिनियाँ कम्युनिस्ट नेता माओत्सेतुङसँगको भेटघाटबाट निकै प्रभावित भएका भिक्षु २०४७ सालदेखि २०४९ सालसम्म तत्कालीन नेकपा (एमाले) पार्टीबाट राष्ट्रियसभाका सदस्य पनि बन्नुभयो। त्यसै गरी मनमोहन अधिकारी प्रधानमन्त्री हुँदा उहाँलाई लुम्बिनी विकास कोषको उपाध्यक्षमा नियुक्ति गरिएको थियो। 'प्रगतिशील र क्रान्तिकारी भिक्षुका रूपमा चिनिने भिक्षुको छवि पुस्तकमा प्रतिबिम्बित भएको छ' -जन्मदिनको अवसरमा आयोजित समारोहमा भिक्षु कौण्डन्यले भन्नुभयो।

'अझै बाँच्ने जाँगर चलेको छ' भिक्षु अश्वघोष

'जन्मदिनको अवसरमा विभिन्न महानुभावले भिक्षु अश्वघोषलाई उपहार प्रदान गरे। यस किसिमको सद्भाव, मैत्री र पुराना मित्रसँग भेटघाट गर्न पाउँदा निकै आनन्दको अनुभूत भएको छ। मनोबल पनि निकै बढेको छ। त्यसकारण म अझै धेरै बाँच्दछु भन्ने विश्वास बढेको छ।' -भिक्षु अश्वघोषले भन्नुभयो।

'हुन त ९२ वर्षसम्म बाँचुलाजस्तो पहिला लागेको थिएन। तैपनि बाँचे। अहिले हितैषी मित्रहरूको साथ, सहयोग र भेटघाटले नै मलाई अझ बाँच्न हौसला प्रदान गरेको छ।' -उहाँले भन्नुभयो।

खुट्टाको सामान्य दुखाइ र कानमा अलि समस्या भए पनि उहाँको पुस्तक लेखन कार्यले अझै निरन्तरता पाइरहेको छ।

राष्ट्रसंघीय उप-महासचिव पियर नेपालमा

नेपाल समाचारपत्र

काठमाडौं

संयुक्त राष्ट्रसंघीय शान्तिकार्य सञ्चालन विभागका उप-महासचिव जँ लाक्रोवा पियर २ दिने नेपाल भ्रमणका सिलसिलामा मंगलबार काठमाडौं आउनुभएको छ।

राष्ट्रसंघको शान्ति स्थापना कार्यमा नेपालले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएकामा उहाँको भ्रमणलाई अर्थपूर्णरूपमा नियालिएको छ। नेपाल आएलगत्तै पियर सुरक्षा निकायका उच्च अधिकारीसँगको भेटवार्तामा व्यस्त रहनुभएको छ। मंगलबार उहाँले प्रधानसेनापति महारथी राजेन्द्र क्षेत्री र नेपाल प्रहरीका उच्च अधिकृतसँग पनि शिष्टाचार भेटवार्ता गर्नुभएको छ।

प्रधानसेनापतिसँगको भेटवार्तामा राष्ट्रसंघको शान्ति स्थापनार्थ कार्यमा खटिँदै आएका नेपाली शान्ति सेना र नेपाली जनशक्तिले निर्वाह गर्दै आएको भूमिकाबारे छलफल भएको बताइएको छ। उप-महासचिव पियरले शान्ति स्थापनार्थ खटिँदै आएका नेपाली महिला सैनिकको सहभागिताको प्रंशसा गर्दै आगामी दिनमा महिला सहभागिता अझ बढाउन आफ्नो पहल रहने बताउनुभएको नेपाली सेनाको जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

सो भेटवार्ताका क्रममा राष्ट्रसंघ मुख्यालयका शान्ति सेना विभागका सैनिक सल्लाहकार, प्रहरी सल्लाहकार र राजनीतिक मामिला नियाल्ने उच्च अधिकारीसमेत संलग्न रहनुभएको थियो।

उप-महासचिव पियरले आज बुधबार काभ्रेको पाँचखालस्थित वीरेन्द्र शान्तिकार्य तालिम केन्द्रको स्थलगत अवलोकन गर्दै हुनुहुन्छ। विभिन्न २८ मुलुकका सैनिक र सुरक्षाकर्मीले संयुक्त अभ्यास गरिसकेको सो केन्द्रलाई दक्षिण एसियालीस्तरको तालिम केन्द्र बनाउन नेपालले पहल गर्दै आएको छ। पियरले राष्ट्रपति, प्रधानमन्त्री, रक्षा, गृह र परराष्ट्रमन्त्रीसहित नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका महानिरीक्षकसँग छुट्टाछुट्टै भेटवार्ता गर्ने कार्यतालिका तय भएको छ।

वीरगन्जका सुन व्यापारी पक्राउ

काठमाडौं, (नेस)

३३ केजी सुन तस्करी र सनम शाक्य हत्या प्रकरणको छानबिन गरिरहेको विशेष अनुसन्धान समितिले वीरगन्जका १ व्यापारीलाई पक्राउ गरेको छ।

छानबिन समितिले व्यवसायी राजु दारुकालाई उक्त कान्डमा संलग्न रहेको आशंकामा राजधानीको अन्नपूर्ण होटलबाट पक्राउ गरेको हो। दारुकाले हुन्डीको समेत कारोबार गर्ने गरेको र अवैधरूपमा सुनबाट आर्जन गरेको रकम हुन्डीमार्फत भारत पठाउने गरेको रहस्यसमेत छानबिन समितिले पत्ता लगाएको छ। छोराको विवाहमा सरिक रहेकै अवस्थामा छानबिन समितिको आग्रहमा प्रहरीले पक्राउ गरेको छ। स्रोतका अनुसार उनको वीरगञ्जको लोहरपट्टी रोडमा साई ज्वेलर्स र कृष्ण बुलियन नामक ज्वेलरी पसल सञ्चालन गर्दै आएका छन्।

महिलाको शव फेला

रुकुम, (नेस)

रुकुम पश्चिमको मुसीकोट नगरपालिका-१ सल्लेमा १ महिला मृत फेला परेकी छन्। घरको आफ्नै कोठामा ४५ बर्षीया आइती बुढाको शव मंगलबार फेला परेको हो। बाहिरबाट ताला लाएको अवस्थामा बुढाको शव भेटिएको जिल्ला प्रहरी प्रमुख एवं प्रहरी नायब उपरीक्षक सुमित खड्काले बताए। मृतक बुढाका छोराले ताला फोडेर भित्र जाँदा आमाको शव भेटिएको भन्दै प्रहरीलाई खबर गरेका थिए। केही दिनदेखि कोठामा ताला लागेको र आमालाई कतै नदेखेपछि ताला फोडेको मृतकका छोराले प्रहरीलाई बताएका छन्।

शव गन्हाउने अवस्थामा भेटिएकाले घटना पुरानो हुन सक्ने प्रहरीले अनुमान गरेको छ। मृतकको बायाँ निधारमा गहिरो चोट लागेको छ। घटना रहस्यमय देखिएकाले आवश्यक अनुसन्धान भइरहेको डीएसपी खड्काले बताए।

मोटरसाइकल दुर्घटनामा मृत्यु

कपिलवस्तु, (नेस)। मोटरसाइकल दुर्घटनामा परी कपिलवस्तुमा १ युवाको ज्यान गएको छ भने दुर्घटनामा परी २ युवा घाइते भएका छन्। पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको भेन्प ११५१ नम्बरको मोटरसाइकल जिल्लाको शिवराज नगरपालिका-५ खैरीमा अनियन्त्रित भई दुर्घटना भएको हो।

तीव्र गतिका कारण मोटरसाइकल अनियन्त्रित भई सडक छेउको नालीमा ठोक्किन गई दुर्घटना भएको प्रत्यक्षदर्शीलाई उद्धृत गर्दै वडा प्रहरी कार्यालय चन्द्रौटाका प्रहरी निरीक्षक उपाध्यायले जानकारी दिनुभयो। दुर्घटनामा परी डाडको राप्ती गाउँपालिका-१ बस्ने वर्ष ४० का अनिल बस्नेतको मृत्यु भएको छ। मृतक मोटरसाइकल चालक हुन्।

दुर्घटनामा ४ को मृत्यु

दमौली, (नेस)

तनहुँको बरादीमा मंगलबार भएको सवारी दुर्घटनामा परी ४ जनाको मृत्यु भएको छ। ३ सवारी साधन आपसमा ठोक्किएर दुर्घटनामा ग्रस्त भएको प्रहरीले जनाएको हो। प्रहरीका अनुसार दुर्घटनामा परी घाइते भएका ७ मध्ये ४ जनाको उपचारका क्रममा मृत्यु भएको हो।

मृत्यु हुनेमा आबुखैरेनी-४ बस्ने दिलबहादुर थापा, पर्वत कुश्मा-९ की बालिका ममता लामिछाने, कमल लामिछाने र आबुखैरेनी गाउँपालिकाका अन्दाजी नुनबहादुर खवास रहेको प्रहरीले दाबी गरेको छ।

आबुखैरेनीबाट डुम्रे आउँदै गरेको गण्ख ३०७३ नम्बरको बस विपरीत दिशाबाट जाँदै गरेको बा१७च १८१४ नम्बर भ्यान र मुग्लिनबाट डुम्रे आउँदै गरेको गप्प १९४४ नम्बरको मोटरसाइकल आपसमा ठोकिएको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ।

असोज ३ सम्म सबै कानुन बनाउँछौं

काठमाडौं, (नेस)

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले समयसीमाभित्र बनाइसक्नुपर्ने कानुन बनाइने प्रतिबद्धता जनाएको छ।

मंगलबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा मन्त्री शेरबहादुर तामाङले असोज ३ गतेसम्ममा संविधान कार्यान्यवनका लागि धेरै कानुन बनाउनुपर्ने भए पनि मन्त्रालयका कारण कानुन निर्माणमा ढिलाइ नहुने बताउनुभयो। मन्त्री तामाङले कुनै पनि मन्त्रालयले असार अन्तिमसम्म पनि विधेयक नबनाए कानुन मन्त्रालयले सक्रियता लिने प्रस्ट पार्नुभयो। संविधानको कार्यावन्यनका लागि १ सय १० कानुन बन्नुपर्नेमा ७३ वटा बनिसकेको र २५ भन्दा बढी विधेयकको अन्तिम ड्राफ्ट भएर मन्त्रिपरिषद् पठाउन लागिएको मन्त्रालयले जनाएको छ।

मन्त्री तामाङको कार्यकाल १ सय दिन पुगेको उपलक्ष्यमा अहिलेसम्म भएका प्रगतिबारे जानकारी दिन आयोजित कार्यक्रममा सचिव राजिव गौतमले कानुनको अभावमा काम हुन सकेन भन्ने गुनासो नआओस् भनेर प्रदेश तहलाई पनि कानुनको मस्यौदा पठाइएको जानकारी दिनुभयो। असोज ३ गतेसम्म मौलिक हक कार्यान्वयन गरिसक्ने संविधानको लक्ष्य भएकाले कानुनलाई संशोधन गर्नेसँगै बनाउने काम पनि भइरहेको प्रवक्ता रमेश ढकालले जनाउनुभयो।

पटक...

ट्रस्टले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति फिर्ता ल्याउने प्रक्रियाअन्तर्गत ट्रस्टको घरजग्गामा बस्दै आउनुभएको जुनी थापालाई हटाउन प्रहरी र स्थानीयको सहभागितामा घरको गेटमा ताल्चा लगाइएको छ। नेपाल ट्रस्ट कार्यालयका कार्यकारी सचिव डा. रमेशप्रसाद सिंहले ट्रस्टको स्वामित्वमा आइसकेको घरजग्गा खाली गराउन पटक-पटक पत्राचार गर्दा पनि बेवास्ता गरेपछि घरमा ताल्चा लगाइएको बताउनुभयो। उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'घरजग्गा खाली गर्नका लागि गरेको पत्रलाई वास्ता नगरेपछि स्थानीय जनप्रतिनिधिको रोहवरमा गेटमा ताला लगाइएको हो।'

सचिव सिंहले देशभर ट्रस्टको नाममा रहेको सम्पत्तिको खोजि भइरहेको बताउँदै ट्रस्टको स्वामित्वमा रहेको घरजग्गामा बस्नेलाई कानुनअनुसार हटाइने बताउनुभयो। २०७५ वैशाख ६ गते घरजग्गा खाली गराइदिनू भन्ने लेखिएको पत्र उक्त घरजग्गामा बस्ने जुनी थापाका नजिकका भनिने गीता न्यौपानेले २०७५ वैशाख ७ मा बुझ्नुभएको थियो। तर पत्र बुझेको ३ महिनाभित्र पनि उक्त ट्रस्टको स्वामित्वमा रहेको घरजग्गा खाली नगरेपछि प्रहरी र स्थानीय जनप्रतिनिधिको सहभागितमा थापाको बस्दै आएको घर जग्गामा ताला लगाइएको हो।

मंगलबार कामपा-१४ का जनप्रतिनिधि, महानगरीय प्रहरी वृत्त कालिमाटीबाट खटिएको प्रहरीको रोहवरमा ट्रस्टको कार्यालयले जुनी थापाको घरमा ताला लगाएको थियो। जुनी थापा उक्त घरमा नबस्ने भए पनि घरजग्गा खाली गराउनका लागि अटेर गर्दै आउनुभएको छ। नेपाल ट्रस्टको कार्यालयमा सचिव डा. सिंह आएसँगै ट्रस्टको स्वामित्वमा रहेको घरजग्गा खाली गराउने कामलाई तीव्रता दिनुभएको छ।

पश्चिमी...

उच्च चापीय क्षेत्रले नेपाल भित्रिने मनसुनलाई पूर्वबाट पश्चिमी भेगतर्फ धकेल्न सहयोग पुऱ्याउने भए पनि यसपटक त्यस्तो गतिविधि बलियो बन्न नसकेको मौसमविद् समीर श्रेष्ठले जानकारी दिनुभयो।

तर अब भने मनसुन सक्रिय गराउने गतिविधि विकास भइरहेको बताउँदै उहाँले भन्नुभयो- 'ढिलै भए पनि अब मनसुन सक्रिय हुँदै छ। मंगलबार लगभग मध्यभागसम्म प्रभाव फैलिएको छ। २ दिनभित्रैमा देशैभरि मनसुनी गतिविधि देखिदै छ।' वर्षा नहुँदा मध्य र पश्चिम तराईका अधिकांश भेगमा गर्मी निकै बढेको छ। 'मौसमी क्यालेन्डर' अनुसार दक्षिण एसियामा सबैभन्दा पहिला भारतको केरलामा अंग्रेजी महिनाको मे ३० तारिखभित्रै मनसुन शुरू हुने गर्छ।

यसपटक त्यहाँ ४ दिन अगावै गत मे २६ तारिख (जेठ १२) मा मनसुन सक्रिय बनेको दक्षिण एसियाली जलवायु दृष्टिकोण मञ्च (सास्कोप) ले जनाएको छ। केरलामा मनसुन शुरू भएकै दिन श्रीलंका, माल्दिभ्स र आसपासका भेगमा वर्षा शुरू भएको थियो। अहिले बंगलादेश, भुटान, भारतका अधिकांश उत्तरपूर्वी भेगसहित नेपालको सीमावर्ती क्षेत्र सिक्किम र आसपासमा मनसुनी गतिविधि मध्यमस्तरमा फैलिएको छ।

हिजोआज मुलुकका विभिन्न भेगमा मध्यम र हल्का वर्षा हुने गरे पनि अहिले पूर्णरूपमा मनसुनी वर्षा शरू भइनसकेको अर्का मौसमविद् बरुण पौडेल बताउनुहुन्छ। 'अरब सागर हुँदै भित्रिने पश्चिमी वायुले जलवाष्पयुक्त हावा पनि भित्र्याइरहेको छ, त्यसैले वर्षा भएको हो', उहाँले भन्नुभयो- 'मुलुकको पूर्वी भेगबाहेक अन्यत्र मनसुनको प्रभाव देखिएको छैन।' आज बिहीबारभित्रमा अधिकांश भेगमा मध्यमस्तरको मनसुनी प्रभाव फैलिने उहाँले बताउनुभयो।

अहिले मनसुन सक्रिय केही ढिलो भए पनि यसपटक वर्षा अवधिभरमा मुलुकका अधिकांश भेगमा औसत वर्षाको मात्रा नाघ्ने मौसमविद्को आँकलन छ। साधारणतया अंग्रेजी महिनाको जुनदेखि सेप्टेम्बरसम्मको ४ महिनालाई दक्षिण एसियाली मनसुन अवधि मानिन्छ।

गुप्तचर...

विभागमा भर्ना हुनुअघि कोइराला वैदेशिक रोजगार सिलसिलामा पटक-पटक खाडी मुलुक ओहोरदोहोर गरिरहन्थे भने तिमल्सिना शंकरदेव क्याम्पसमा नेपाल विद्यार्थी संघको राजनीतिमा संलग्न थिए।

अदालतमा...

सर्वोच्च अदालतमा यस आर्थिक वर्षमा हालसम्मको अवधिमा करिब ११ हजार थान मुद्दा फैसला भएकामा ठूलो संख्यामा फैसला लेखिसक्दा पनि अझै ४ हजार फैसला तयार हुन सकेको छैन।

यसै गरी उच्च अदालतमा २९ हजार थान मुद्दा फैसला भएकामा ९ हजार थान फैसला हुन बाँकी छन्। जिल्ला अदालतहरूमा यस आर्थिक वर्षको अहिलेसम्म ७७ हजार थान मुद्दाको फैसला अझै तयार हुन बाँकी रहेको न्याय परिषद्का सचिव निरौलाले बताउनुभयो।

सर्वोच्च अदालतमा वार्षिक सरदर ४ हजार ४ सयको संख्यामा मुद्दा फछ्र्यौट हुने, १ जना इजलास अधिकृतले वार्षिक सरदर १ सय १ फैसला तयार गर्नुपर्ने हुन्छ। न्याय परिषद्का सचिव निरौलाले भन्नुभयो- 'सर्वोच्चमै वार्षिक करिब १० हजार ६ सय ३९ को संख्यामा आदेश हुने र १ जना इजलास अधिकृतले वार्षिक सरदर २ सय ४१ आदेश तयार गर्नुपर्ने अवस्था छ। जुन अहिलेको जनशक्तिले सम्भव नै छैन।'

संविधानले सर्वोच्च अदालतमा संवैधानिक इजलास रहने व्यवस्था गरेअनुरूप इजलासबाट हेरिने मुद्दाको जटिलता, गाम्भीर्यता र संवेदनशीलतालाई दृष्टिगत गरी मुद्दाको प्रभावकारी व्यवस्थापन गर्न थप जनशक्तिको आवश्यकता पर्ने न्याय परिषद् बताउँछ। जिल्ला अदालतलाई पुनरावेदकीय क्षेत्राधिकारसमेत प्रदान गरेकाले जिल्ला अदालतमा समेत कार्यबोझ बढ्न गएको देखिएको हो।

अदालतमा दर्ता हुने मुद्दाको संख्यामा वृद्धि भएको मात्र नभई न्यायपालिकाको रणनीतिक व्यवस्थापनका माध्यमबाट मुद्दाको फैसला गर्ने कार्यमा समेत वृद्धि भएको सर्वोच्चका सहरजिस्ट्रार कुँवरले बताउनुभयो।

कायम मुकायम प्रधानन्यायाधीश दीपकराज जोशीले न्यायपालिकाको कर्मचारी व्यवस्थापन र बजेटे प्राप्तिको विषय अझैसम्म पनि बक्सिस वा निगाहको विषयजस्तो बन्नु लोकतन्त्रमा दुःखद कुरा भएको बताउनुभयो।

कामु प्रधानन्यायाधीश जोशीले लोकतान्त्रिक पद्धतिमा स्वतन्त्र र सक्षम न्यायपालिका अदालत, न्यायाधीश वा कर्मचारीको आवश्यकताको विषय मात्र नभई नागरिक अधिकारको संरक्षणका लागि अपरिहार्य रहेको छ भन्ने कुरामा राज्यका अन्य निकायको समेत ध्यान नगएको बताउनुभयो।